बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

मन्थली, रामेछाप

कृषि सामाग्री आपूर्ति गर्ने प्रयोजनको लागि पुनः शिलबन्दी दरभाऊ प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं. ०९/०८३/०८४

<u>दोस्रो पटक प्रकाशित मितिः- २०८३/०७/१३ गते</u>

कृषि तथा पशुपन्छी विकास कार्यालय, रामेछापको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरु संचालनार्थ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडाबाट स्वीकृत कार्यविधि बमोजिम सम्झौता हुने कृषक समूह/सहकारी/फर्महरुलाई उनीहरुको माग एवं औचित्यको आधारमा स्वीकृत बजेटको परिधिभित्र रही तपसिल बमोजिमका कृषि सामाग्रीहरु अनुदानमा उपलब्ध गराउने प्रयोजनका लागि न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुलाई यस कार्यालयको मिति २०८३/०६/०७ गतेको सूचना बमोजिम माग गरिएको शिलबन्दी दरभाऊ प्रास्तावहरुको कागजात परीक्षण तथा रुजु गर्दा रितपूर्वक पेश गर्ने न्यूनतम शिलबन्दी दरभाऊ प्रस्तावकको संख्या नपुगेको हुँदा मिति २०८३/०७/१२ गतेको निर्णयले सोही प्रयोजनको लागि न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/विक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०७/१९ गते) कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रति इकाई शिलबन्दी दरभाऊ प्रस्ताव पेश गर्नुहुन यो सूचना पुनः प्रकाशन गरिएको छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुनेछैन। कृषि सामाग्रीहरुको स्वीकृत प्राविधिक स्पेसिफिकेशन लगायतका शिलबन्दी दरभाऊ प्रस्ताव फारम यस कार्यालय वा कार्यालयको वेबसाइट https://adoramechhap.bagamati.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

<u>आपूर्ति गर्नुपर्ने कृषि सामाग्रीहरु:</u>

S.N.	Particulars	S.N.	Particulars
1	UV Plastic	8	Hajari
2	Tunnel Plastic	9	Plastic Tray for Nursery
3	Insect Net	10	Aluminium Ladder
4	Green Net	11	Digital Weighting Balance
5	Mulching Plastic (Roll)	12	Secateurs
6	Plastic Crate	13	Pruning saw
7	Pond Plastic		

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com , वेबसाईटः adoramechhap.bagamati.gov.np

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

मन्थली, रामेछाप

<u>आवश्यक कागजातहरु एवं शर्तहरु:</u>

१) फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT/PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) कम्पनीको हकमा कम्पनी रजिष्ट्रार कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

३) आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण,

४) संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वः घोषणापत्र,

५) शिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने सामग्रीहरुको प्राविधिक स्पेसिफिकेशन खुलाइ प्रति इकाई दररेट नेपाली रुपैयाँ अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। शिलबन्दी दरभाउ प्रस्ताव फारम पूर्णरुपमा भरी प्रमाणित गरेको हुनुपर्नेछ।

०६।१२

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com, वेबसाईटः adoramechhap.bagamati.gov.np